नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(प्रशासन शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

पत्र संख्या:- १.१.प्र/२०७९/०८०/१(१)६
चलानी नं. 696

मिति:- २०७९/०९/१२

विषय:- वैदेशिक अध्ययन/तालिम छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धमा ।

श्री सबै महाशाखा/शाखा, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल ।
श्री नापी विभाग, मिनभवन ।
श्री सहकारी विभाग, नयाँबानेश्वर ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (जनशक्ति, योजना तथा विकास शाखा) को प.सं.०७९/०८० च.नं. ३२५ मिति २०७९/०९/०५ को पत्रको छाँयाप्रति संलग्न राखी पठाइएको छ । व्यहोरा पत्रबाट अवगत गर्नु भै छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समूह र श्रेणी भित्रका समावेशी (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबैभन्दा बढी समय काम गरेका र योग्यता पुगेका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गरी पठाउनका लागि लेखि आएको हुँदा तहाँ विभाग/अन्तर्गतका निकायहरुबाट प्राथमिकताका आधारमा कर्मचारी मनोनयनका लागि सिफारिश गरी यस मन्त्रालयको प्रशासन शाखामा र ईमेल ठेगाना molmcpa@gmail.com मा समेत पठाउनु हुन मिति २०७९/०९/१२ निर्णयानुसार अनुरोध छ ।

(श्याम शरण गैहे)
शाखा अधिकृत

बोधार्थ:-
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(जनशक्ति योजना तथा विकास शाखा) सिंहदरबार ।
कम्प्यूटर अधिकृत श्री चित्र बहादुर चौहान:- वेभसाईटमा राख्नु हुन ।

---

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं
जनशक्ति योजना तथा विकास शाखा

फोन ४२००५०५
४२००२९९
४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०७९।८०
चलानी नं.:- 325

मिति: २०७९/०९/०५

विषय:- वैदेशिक अध्ययन/तालिम छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धमा ।

दर्ता नं.: ११८२
मिति: ०७९।९।६

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

तपसिल अनुसारको अध्ययन/तालिम कार्यक्रममा निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०७९/०९/०४ मा बसेको ३५७ औं बैठकबाट तपसिल बमोजिम निर्णय भएको हुँदा उक्त कार्यक्रममा उपयुक्त कर्मचारी मनोनयन गरी मनोनित कर्मचारीको नाम, सम्पर्क नं. र ईमेल ठेगाना आवश्यक कार्यार्थको सम्बन्धमा परराष्ट्र मन्त्रालयको दक्षिण एशिया महाशाखा पठाउनुहुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरी सोको जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

छात्रवृत्ति मनोनयनमा सम्बन्धित सेवा, समूह र श्रेणी भित्रका समावेशी महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबैभन्दा बढी समय काम गरेका आधारमा कर्मचारीहरूलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपसिल:

| क्र.सं. | अध्ययन/तालिम/ अध्ययन भ्रमणको विषय | सिट संख्या | अवधि/ Deadline | कार्यक्रम हुने देश/संस्था | आवश्यक योग्यता वा अन्य प्रासंगिक विषय | छात्रवृत्ति वितरण गर्ने प्रस्तावित निकाय र निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १. | " Short Course on Geographic Information System for Geoscientists" Training | not stated | January 18, 2023-February 01, 2023 / at least 3 weeks prior to start date of course | India/ITEC, Geological Survey of India Training Institute | • Should be employed at Government/ Public/Professional sector in Nepal.<br>• Age: 25-45 years.<br>• 5 years of work experience.<br>• For further detail: www.itecgoi.in, www.indembkathamandu.gov.in | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले उपयुक्त कर्मचारी मनोनयन गर्ने । |

(रामु राज कडरीया)
उपसचिव